'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
*Namaste Karnali National Daily* राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १३१ | सोमबार २२ पुष, २०८१ | *06 (Monday) January 2025* | पृष्ठ ४, | मूल्य रु : १०।-

## दैलेखमा पेट्रोलियम पदार्थ खोज्दा ग्याँस फेला

# ४ हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ गर्दा ग्याँस भण्डारणको संकेत फेला

नमस्ते समचारदाता

दैलेख, पुष/२१



दैलेखमा ग्याँस रहेको पत्ता लागेको छ। जिल्लाको भैरवी गाउँपालिका वडा नम्बर १ स्थित जलजलेमा ४ हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ गर्दा ग्यास भण्डारणको सङ्केत पत्ता लागेको हो। शनिबार पेट्रोलियम पदार्थ अन्वेषण अन्तर्गत ड्रिलिङको काम सकिएको हो । ड्रिलिङ पछि नमुना निकालिएको छ । अब कति मात्रामा ग्याँस रहेको छ ? आर्थिक रूपमा कतिको लाभ लिन सकिन्छ ? भनेर अनुसन्धान भइरहेको खानी तथा भूगर्भ विभागले जनाएको छ । गत वैशाख २३ गतेदेखि अन्तिम चरणको 'ड्रिलिङ' को काम सुरु गरिएको थियो । मेसिनले खनेर पेट्रोलियम पदार्थ भए/नभएको पत्ता लगाएको छ । चार हजार १३ मिटर गहिराइसम्म ड्रिलिङ गर्दा ग्यास नै भएको पत्ता लागेको पेट्रोलियम पदार्थ आयोजनाका सिनियर डिभिजनल जियोलोजिस्ट सुरेश श्रेष्ठले जानकारी दिएका छन् । श्रेष्ठका अनुसार शनिबार मात्र ड्रिलिङको काम सकिएको हो । ड्रिलिङपछि नमुना निकालिएको भन्दै उनले ड्रिलिङ गर्दा निस्किएको नमुना चीनको ल्याबमा पठाइएको छ। पेट्रोलियम पदार्थ हुनसक्ने भन्दै चीन सरकारको जिओलोजिकल सर्भे कम्पनीले भौगर्भिक अध्ययन गरेको अन्वेषण परियोजनामा सिएनपिसी इन्जिनियरिङले उत्खननको काम थालेको थियो। श्रेष्ठका अनुसार चीनबाट नमुनाको परीक्षण पछि व्यावसायिक रूपमा उत्खनन् हुने नहुनेमा स्पष्ट हुनेछ। ड्रिलिङको काम सकिएपछि आइतबारसम्म उक्त स्थानमा गरेको कामका बारेमा समेटिएको डेटा र तथ्याङ्क एकै पटक निकालिनेछ । त्यसपछि ग्यास भण्डार भएको वा नभएको पत्ता लाग्नेछ । अहिलेको ड्रिलिङको कामले गर्दा ग्यासको भण्डारण रहेको पत्ता लागेको उनको भनाइ छ। नेपाल सरकारले २०८२ सम्म पेट्रोलियम अन्वेषणको काम सक्ने तयारी गरेको छ। चैत २०७१ मा नेपाल र चीनबिच पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन् गर्ने सहमति भएसँगै २०७५ माघमा पेट्रोलियम तथा ग्यास खानीबारे विस्तृत अन्वेषण गर्ने सम्बन्धी परियोजना स्वीकृत भएको थियो । पेट्रोलियम पदार्थको उत्खनन् र अन्वेषणमा गर्न २ अर्ब ४० करोड रुपियाँसँगै प्राविधिक सहयोग गर्नेगरी चीन र नेपाल सरकार बिच सम्झौता भएको थियो । ड्रिलिङको काम सकिएसँगै पहिलो चरणको सम्झौता अवधि पनि सकिएको छ। अब अर्को चरणको सम्झिौता गरेर अन्य काम अघि बढाइने आयोजनाले जनाएको छ । दैलेखमा ग्यास भएको पत्ता लागेसँगै व्यावसायिक उत्खननको काम अघि बढाइनेछ। सरकारले चालु आर्थिक वर्ष २०८१/८२ भित्रै पेट्रोलियम पदार्थ अन्वेषणको काम सक्ने लक्ष्य राखेको छ । पहिलो चरणको कामको सम्झौता सकिएको छ भने दोस्रो चरणको काम सुरु गर्न चीन सरकारसँग पहल थालिएको जनाइएको छ । अब लाग्ने बजेटको अनुमानित विवरण र निकालिएको स्याम्पलको परीक्षणको रिर्पोट अनुसार अघि बढ्ने जनाइएको छ। स्थानीय तथा प्रदेश सरकारले समेत व्यावसायिक उत्खननका लागि पहल थाल्न सङ्घीय सरकारलाई आग्रह गरेका छन् ।

# साहित्यिक अनुरागीहरुलाई साहित्यिक प्रशिक्षण

नमस्ते समचारदाता

बाँके, पुष/२१



बाँकेको खजुरा गाउँपालिकाको खजुरा प्रज्ञा प्रतिष्ठानले साहित्यमा रुचि राख्नेहरूलाई नेपाली भाषाको साहित्य बारे जानकारी गराउने उद्देश्यले सञ्चालन गरेको विधागत प्रशिक्षण सम्पन्न भएको छ । खजुरा गाउँपालिका सहित अन्य पालिकाबाट समेत गरी करिब सय जना साहित्यका विद्यार्थी र साहित्यबारे सिक्न चाहनेहरूको सहभागिता रहेको सो प्रशिक्षणमा नेपाली भाषा साहित्यका विद्वान व्यक्तित्वहरू प्राडा. घनश्याम न्यौपाने, डा. गोविन्द आचार्य र डा. इन्द्रबहादुर भण्डारीले लोक संस्कृति र लोक साहित्य, गीत सङ्गीत, कथा लेखन, निबन्ध लेखन, गजल मुक्तक लेखन, गद्य कविता, छन्द कविता लेखनको बारेमा प्रशिक्षण दिएको खजुरा प्रज्ञा प्रतिष्ठानले जनाएको छ । खजुरा प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. इन्द्रबहादुर भण्डारीका अनुसार सो तालिममा सहभागी अधिकांशले साहित्यको क्षेत्रमा लाग्ने प्रतिवद्धता जनाउनुका साथै साहित्यबारे तालिमबाट धेरै कुरा सिकेको प्रतिक्रिया दिएका छन् । दुई दिनसम्म चलेको सो तालिममा गित सङ्गीत, कथा लेखन, निबन्ध लेखन, गजल मुक्तक लेखन, गद्य कविता र छन्द कविता लेखनका बारेमा सैद्धान्तिक ज्ञान दिनुका साथै प्रयोगात्मक रूपमा लेख्न लगाई सच्याइएको खजुरा प्रज्ञा प्रतिष्ठानका सदस्य मणि अर्यालले बताए। कार्यक्रममा बोल्दै खजुरा गाउँपालिकाका अध्यक्ष तथा खजुरा प्रज्ञा प्रतिष्ठानका कुलपति डम्बर विकले साहित्यको विकास र विस्तारका लागि खजुरा प्रज्ञा प्रतिष्ठानले विभिन्न कार्यक्रम गर्ने तथा खजुरालाई साहित्यको पालिकाको रूपमा चिनाउने आफ्नो सोचाई रहेको बताए । यसअघि पनि खजुरा प्रज्ञा प्रतिष्ठानले साहित्य सम्बन्धि विभिन्न कार्यक्रम गरेर साहित्यकारहरूको उत्साह बढाएको खजुरा प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. इन्द्रबहादुर भण्डारीले जानकारी गराएका छन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आव्हान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# मघौटा र सिङ्गारु नाचको रमाइलो

नमस्ते समचारदाता

दाङ, पुष/२१



मञ्चमा पालैपालो मघौटा नाच चलिरहेको थियो । दर्शक पनि त्यसमा रमाइरहेका थिए । बूढापाकादेखि नयाँ पुस्ताले मघौटा नाच नाचिरहेका थिए । नयाँ पुस्ता केही नयाँ शैलीमा नाच्न खोज्दै थिए भने बूढापाका परम्परादेखि नाच्दै आएको मघौटा नाच नाचिरहेका थिए । त्यसमा मिसिएको थियो सिङ्गारु, पैसेरी र मयुर नाच । यो दृश्य शनिबार तुलसीपुर उपमहानगर पालिका-१२ ले आयोजना गरेको माघी विशेष सांस्कृतिक कार्यक्रमको हो । वडाभित्रका विभिन्न टोल विकास संस्था तथा क्लबले यसमा सहभागिता जनाएका थिए । थारू संस्कार तथा संस्कृति संरक्षण गर्न यसरी माघी विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरिएको वडाध्यक्ष खुसीराम चौधरीले बताए। चौधरीले भने, "पछिल्लो समय नयाँ पुस्ताले थारू संस्कार, संस्कृति भुल्दै गएको भन्ने गुनासो आउने गरेको छ, यसलाई संरक्षण गर्न यो कार्यक्रम आयोजना गरेका हौँ । यहाँ वडाले यसरी प्रत्येक वर्ष कार्यक्रम आयोजना गर्ने गरेको छ।" कार्यक्रममा युवादेखि ज्येष्ठ नागरिकसम्मले भाग लिएका थिए । जसमा रजौराको नाच प्रथम, रजेनीको नाच द्वितीय र रझेनाको नाच तृतीय भएका थिए। अन्य नाचका सहभागीलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो। यस्तै, झाँकीमा रझेनीको नाचले प्रथम पुरस्कार प्राप्त गर्न सफल भएको थियो। विभिन्न वेशभूषामा सजिएर थारू समुदाय सहभागी भएका थिए । जहाँ ढिक्री, अचार, घुँडी, बङ्गुरको मासु समेतको व्यवस्था गरिएको थियो । जुन थारू समुदायको परिकार हो । त्यस अवसरमा तुलसीपुर उपमहानगरपालिकाका उपप्रमुख स्यानी चौधरीले थारू समुदायले आफ्नो संस्कार, संस्कृति नयाँ पुस्तालाई हस्तान्तरण गर्न यस्ता कार्यक्रमले भूमिका खेल्ने बताइन् । उक्त अवसरमा गुरुवा, सुडेनी, महतवा र महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरिएको थियो । समाजमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
चंखेली गाउँपालिका
हुम्ला

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## गणतन्त्रमा आर्थिक रुपले देशमा प्रगती भएन


०६२/६३ मा भएको परिवर्तन पनि १८ वर्ष पूरा हुँदा सम्म पनि जनताले सकारात्मक परिवर्तनको अनुभूति गर्न पाएका छैनन् । बरु देशको अवस्था झन्झन् नाजुक बन्दै गएको छ । देश अहिले संकटको दलदलमा भासिएको छ । सबैभन्दा डरलाग्दो समस्या भनेको नागरिकको विदेश पलायन हो । यस अवधिमा देशभित्र उद्योग व्यायसाय फस्टाउन सकेन । स्वदेशी तथा विदेशी लगानीमा व्यापक कमी आयो । रोजगारी सिर्जना हुन नसकेका कारण लाखौं युवा जागिरको खोजीमा बिदेसिए । माओवादीले हिंसात्मक विद्रोह सुरु गरेको वर्ष ०५२ मा १२ हजार नेपाली रोजगारीका निम्ति बिदेसिएका थिए । विद्रोह अन्त भई शान्ति प्रक्रिया सुरु भएर गणतन्त्र घोषणा गर्दाको वर्ष अर्थात् ०६३ मा १ लाख २७ हजार वैदेशिक रोजगारीमा गएका थिए । प्रमुख राजनीतिक दलहरूको अदूरदर्शिता, अकर्मण्यता र गलत नीतिको परिणामस्वरूप गत वर्ष रोजगारीका निम्ति करिब ७ लाख नेपाली युवाहरु बिदेसिएका छन् । त्यति मात्र होइन, राज्य, राजनीतिक दल र नेताप्रतिको भरोसा टुटेको तथा देशभित्र आफ्नो सन्ततिको भविष्य सुरक्षित नदेखेका कारण नागरिकता र राहदानी परित्याग गरी आफ्नो मातृभूमि छोडेर विदेश पलायन हुनेहरूको संख्या पनि निरन्तर बढ्दो छ । गत वर्ष मात्र करिब ७५ हजार नेपालीले त्यसरी सदाका निम्ति देश छाडे । देश अहिले गम्भीर आर्थिक संकटबाट गुज्रिरहेको छ । आर्थिक मन्दीको प्रभाव देखिन थालेको छ । मुद्रास्फीति बढेको छ । लगानीको वातावरण छैन । वैदेशिक लगानी न्यून छ । व्यापार घाटा कहालीलाग्दो अवस्थामा पुगेको छ । पुँजीगत खर्च अत्यन्त न्यून छ । ऋणको भार निकै बढेको छ । राजस्व घटेको छ, राजस्वले चालू खर्च समेत धान्न नसक्ने अवस्था छ । ऋणको सावाँब्याज तिर्न पनि ऋण लिनुपर्ने अवस्था छ । यही अवस्था रहने हो भने केही वर्षपछि सरकारले कर्मचारीको तलब, पेन्सन तथा सर्वसाधारणको सामाजिक सुरक्षाभत्ता पनि दिन नसक्ने अवस्था सिर्जना हुनेछ । भ्रष्टाचारले सिंगो मुलुक आक्रान्त छ । भ्रष्ट नेताहरूका कारण नेपाल विश्वकै सर्वाधिक भ्रष्ट देश बन्न पुगेको छ ।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरुले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

तालिमहरु / सिट

बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट



तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

# बिकराल बेरोजगारी

डा. विधुप्रकाश कायस्थ




नेपाल अहिले गम्भीर बेरोजगारी संकटसँग जुधिरहेको छ । धेरै युवा श्रमिकहरू विदेशमा अवसर खोज्न बाध्य भएका छन् । बजार व्यवस्थापन निराशाजनक रहेको कृषि क्षेत्रमा क्रमशः उत्पादकत्व कम हुँदै रहँदा कृषतर्फ युवाहरू बिमुख भएका छन् । उत्पादन तथा सेवा क्षेत्रतर्फ विविधीकरण गर्न संघर्ष गरिरहेको अर्थतन्त्रका कारण देशको आर्थिक वृद्धि उकालो लाग्न सकेको छैन । यस समस्यालाई थप गम्भीर बनाउने अर्को कारण भनेको शिक्षित युवाहरूको सीप र श्रम बजारको आवश्यकताबीचको सन्तुलन नहुनुका साथै शिक्षा प्रणाली पनि मुख्य कारक हो । यसका कारण नेपाली युवाहरू उच्च शिक्षाका लागि पश्चिमा मुलुकहरूमा आंशिक रोजगारीको चक्रमा फसिरहेका छन् । विकराल बेरोजगारीका संकटले कतार, साउदी अरेबिया र दक्षिण कोरिया जस्ता देशहरूमा राम्रो तलब र कामको खोजीमा मानिसहरूलाई पलायन हुन बाध्य बनाएको छ । नेपाली आप्रवासी श्रमिकहरूको रेमिट्यान्सले देशको अर्थतन्त्रलाई महत्वपूर्ण योगदान पुर्याइरहेको छ । यसले नेपालको घरेलु श्रम बजारमा रहेको गहिरो कमजोरीलाई पनि उजागर गर्छ । बढ्दो आप्रवासनले घरमा रहेका परिवारहरूका लागि सामाजिक र मानसिक चुनौतीहरू ल्याएको छ । विश्वमा बेरोजगारीको अवस्था हेर्ने हो भने थाहा हुन्छ कि वैश्विक बेरोजगारी दर कस्तो छ भनेर । अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को सन् २०२३ को तथ्यांक अनुसार, वैश्विक बेरोजगारी दर लगभग ५.५ प्रतिशत रहेको देखिन्छ । जसमा युवा बेरोजगारीलाई एक महत्वपूर्ण मुद्दाको रूपमा लिइएको छ, जसको दर विश्वभर १४ प्रतिशतसम्म पुगेको देखिन्छ । यसमा सन् २०१९ मा देखिएको विश्वव्यापी महामारी कोभिड (कोभिड-१९)को प्रभाव मुख्य भएको पाइन्छ । महामारीले बेरोजगारी यसरी वृद्धि गर्‍यो कि लाखौंलाई रोजगार गुमाउन बाध्य बनायो । तथ्यांकले भन्छ, सन् २०२० मा वैश्विक बेरोजगारी सन् २०१९ अर्थात् वर्ष दिनअघिको तुलनामा लगभग ३३ मिलियन रोजगार चाहिने अवस्था नै सिर्जना भयो । क्षेत्रीय भिन्नताहरूलाई पनि यहाँ देखाइएको छ । बेरोजगारी दर क्षेत्र अनुसार भिन्न हुन्छ । उदाहरणका लागि, अफ्रिकामा दर प्रायः ७ प्रतिशतभन्दा माथि हुन्छ, जब कि पूर्वी एसियामा यो लगभग ३.५ प्रतिशतमा रहन्छ । संयुक्त राज्य अमेरिकामा सन् २०२० को अप्रिलमा बेरोजगारी दर १४.८ प्रतिशतसम्म पुगेको थियो, तर २०२३ को अन्त्यसम्ममा यो लगभग ३.८ प्रतिशतमा घटेको पाइयो । स्पेनमा युवा बेरोजगारी एक निरन्तर मुद्दा बनिरहन्छ, जसको दर हालका वर्षहरूमा पनि ३० प्रतिशतभन्दा बढी भएको छ । पुनः सन्दर्भ नेपालकै । नेपालको तराई क्षेत्रमा सधैं जीवन्त देखिने गाउँहरू अहिले युवा पलायनले सामाजिक एवं आर्थिक अवस्था सुस्त बनेको छ । यो पलायन आर्थिक कठिनाइहरूको एउटा प्रत्यक्ष संकेत हो । 'अनुपस्थित जनसंख्या' भनिने यो अवस्थाले जनगणनामा गणना गरिएका तर तथ्यांक संकलनको समयमा देशमा अनुपस्थित रहेका व्यक्तिहरूलाई जनाउँछ । यो अनुपस्थिति धेरै मानिसहरूलाई देश छाड्न बाध्य पार्ने आर्थिक संघर्षहरूको गम्भीर प्रतीक बनेको छ । युवा पुस्तामा आर्थिक कठिनाइहरूको प्रभाव विशेष रूपमा देखिन्छ । हालैका तथ्यांकहरूका अनुसार, १५-२४ वर्षका काम खोजिरहेका युवाहरूको बेरोजगारी दर अझै उच्च रहेको भेटिन्छ । २०७८ सालमा यो दर २०.५२ प्रतिशत रहेको थियो । यो अवस्था निरन्तर चिन्ताजनक बन्दै गएको छ । २०७८ सालको जनगणनाले नेपालको जनसंख्या २ करोड ९२ लाख देखाएको छ । जन्मदरमा कमी र आप्रवासनमा वृद्धिका कारण देशको जनसंख्या वृद्धिदर ८० वर्षयताकै न्यूनतम अवस्थामा पुगेको छ । रेमिट्यान्सले नेपालको कुल गार्हस्थ्य उत्पादनको लगभग ३० प्रतिशत हिस्सा ओगटेको छ । २०६८ सालदेखि २०७८ सालसम्मको एक दशकभन्दा बढी समयदेखि विदेशमा बसोबास गर्ने नेपाली नागरिकता भएकाहरूको संख्या १४ प्रतिशतले वृद्धि भएको छ । विशेषगरी, महिलाहरूको आप्रवासन दर उल्लेखनीय रूपमा बढेको छ । यो आप्रवासन लहर स्वदेशी रोजगारी अभावको प्रत्यक्ष परिणाम हो । बढ्दो अनुपस्थित नेपालीहरूको संख्याले देशको गम्भीर आर्थिक चुनौतीहरू र सुधारको आवश्यकता देखाउँछ । २०८१ सालमा यो दर ४.१४४ प्रति १,००० मा झरेको थियो । यो अघिल्लो वर्षको तुलनामा १८.२६ प्रतिशतको तुलनामा कम देखाए तापनि २०७८ सालयता आप्रवासन दर बढिरहेको छ । सुस्त वृद्धि र व्यापक बेरोजगारीले नेपालको अर्थतन्त्रलाई थिलथिलो बनाएकाले गरिबीको चक्र सिर्जना गरेको छ । रोजगारीको अभावले विशेष गरी युवाहरूको आर्थिक गतिशीलतालाई सीमित बनाएको छ । यही कारणले धेरै मानिसहरू विदेशमा काम खोज्न बाध्य छन् । धेरै नेपाली परिवारकै लागि रेमिट्यान्स विकल्परहित जीवनरेखा बनेको छ । कतार, मलेसिया र साउदी अरेबिया जस्ता देशका श्रमिकहरूले घरमा पैसा पठाउँछन् । यसले अस्थायी राहत प्रदान गर्दछ । यसले नेपालले आफ्ना जनतालाई टिकाउन पर्याप्त स्थानीय रोजगारी सिर्जना गर्न नसकेको पुष्टि गर्छ । राजनीतिक अस्थिरता र भ्रष्टाचारले यो अवस्थालाई झन् जटिल बनाएको छ । सरकारको अस्थिरता र भ्रष्टाचारले जनताको विश्वास कमजोर बनाउँदै छ । यसले नीतिहरूको प्रभावकारी कार्यान्वयनलाई रोक्छ र दीर्घकालीन आर्थिक विकासमा बाधा पुर्‍याउँछ । स्थिर शासन र स्पष्ट आर्थिक रणनीतिहरूको अभावले देशलाई दिगो विकास प्राप्त गर्नबाट रोकिरहेको छ । युवाहरूको रोजगार खोजीमा विदेश पलायन पछिल्ला वर्षहरूमा अझ तीव्र भएको छ । आर्थिक वर्ष २०६०-६१ मा पहिलोपटक विदेशमा रोजगारी खोज्ने युवाहरूको संख्या ५ लाखभन्दा माथि पुगेको थियो । तर, कोभिड-१९ महामारीको प्रभावले यी संख्याहरू अझ बढाएको छ । वैदेशिक रोजगार बोर्डका अनुसार कोभिड महामारीपछिको वर्षमा ६ लाखभन्दा बढी नेपालीले विदेशमा रोजगारी खोजेका थिए । पछिल्लो आर्थिक वर्षमा ७ लाख ५० हजारभन्दा बढी पुगेको छ । हाल ७० लाखभन्दा बढी नेपालीहरू अर्थात् कुल जनसंख्याको करिब २३ प्रतिशत विदेशमा छन् । नेपालमा पनि बेरोजगारीको सन्दर्भमा युवा बेरोजगारी विशेषरूपमा चासोको विषय हो । नेपालको अर्थतन्त्र कोभिड-१९ महामारीबाट गम्भीर रूपमा प्रभावित भएको छ, जसले विशेष रूपमा पर्यटन र उद्योग क्षेत्रहरूमा रोजगार गुमाएको छ । कृषि क्षेत्रले लगभग ६६ प्रतिशत जनसंख्याको रोजगार दिन्छ तर धेरै श्रमिकहरू अधकच्याउने अवस्थामा छन् वा अनौपचारिक स्थितिमा काम गर्छन् । कामका लागि आप्रवासनका सन्दर्भ कोट्याउने हो भने धेरै युवा नेपालीले विदेशमा रोजगार खोज्छन्, जसले उच्च श्रमिक आप्रवासनको दरमा योगदान पुर्याउँछ । सन् २०२० मा लगभग १.५ मिलियन नेपालीले कामको लागि देश छोडेका थिए, प्रायः खाडी देशहरू र मूलतः मलेसियामा । विदेशबाट आउने रकम नेपालको कुल गार्हस्थ्य उत्पादनको एक महत्वपूर्ण हिस्सा हो, जुन लगभग २५ प्रतिशतको खाता छ । महामारीको प्रभावले पर्यटन र आतिथ्य क्षेत्रहरूमा महत्वपूर्ण संख्यामा रोजगार गुमाउने परिणाम स्वरूप आएको छ, जुन नेपालका लागि अत्यन्त महत्वपूर्ण छन् । सरकारले बेरोजगारी र अधकल्च्याउने अवस्थालाई समाधान गर्न विशेषगरी युवाहरूका लागि कौशल विकासका विभिन्न कार्यक्रम सुरु गरेको छ । नेपालले सामना गरिरहेका यी चुनौतीहरूलाई सम्बोधन गर्न व्यापक सुधार अत्यावश्यक छ । शिक्षा प्रणालीलाई आधुनिकीकरण गर्नु, रोजगारी सिर्जना गर्नु, पूर्वाधार सुधार गर्नु र उद्यमशीलतालाई प्रवर्द्धन गर्नु आर्थिक रूपमा विविध र सुदृढ देश निर्माण गर्ने दिशामा महत्वपूर्ण कदम हुन् ।

निष्कर्ष : देशले उच्च अनुपस्थितिजन्य जनसंख्या र आप्रवासनको जनसंख्यागत संकट सामना गरिरहेको अवस्थामा, समावेशी र दिगो आर्थिक नीतिहरूको आवश्यकता स्पष्ट छ । रोजगारी सिर्जना, जीवनस्तर सुधार र आप्रवासनका कारणलाई सम्बोधन गरेर नेपालले आफ्ना जनतालाई घरमै समृद्ध जीवन निर्माण गर्न आवश्यक अवसरहरू प्रदान गर्न सक्नेछ । बेरोजगारी विश्वभर र नेपालमा पनि एक महत्वपूर्ण मुद्दा बनेको छ, जसमा विशेष चुनौती र प्रवृत्तिहरू छन् । यी चुनौतीलाई सम्बोधन गर्न लक्षित नीति, विकास रणनीति र आर्थिक विविधीकरण आवश्यक छन् ताकि दिगो रोजगार अवसरहरू सिर्जना गर्न सकियोस् । २०७८ सालको जनगणनाले २३ प्रतिशत जनसंख्या अनुपस्थित रहेको देखाएपछि सुधारको आवश्यकतालाई झन् तीव्र बनाएको छ ।

*–अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरूद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

# बाँके राष्ट्रिय निकुञ्जमा घाँसेमैदान बाघको आहाराको सहयोगी

नमस्ते समाचारदाता
बाँके, पुष/२१



बाघ संरक्षणका लागि विसं २०६७ मा स्थापना गरिएको बाँके राष्ट्रिय निकुञ्जमा घाँसेमैदान क्षेत्र बढाउन लागिएको छ । नेपालकै कान्छो निकुञ्जका रुपमा घोषणा भएको उक्त निकुञ्जमा बाघको आहार बढाउनका लागि क्षेत्र बढाउने तयारी गरिएको हो । निकुञ्जका प्रमुख संरक्षण अधिकृत वीरेन्द्र कँडेलले निकुञ्जभित्र रहेको करौंतीघाँसे मैदानको क्षेत्रलाई थप ५० हेक्टर क्षेत्रफलमा बढाउने तयारी गरिएको बताए । कँडेलले भने, "हामीसँग हालसम्म चार सय हेक्टर क्षेत्रफलमा घाँसेमैदान रहेका छन् । यहाँ रहेका २५ वटा बाघका लागि घाँसेमैदान क्षेत्र बढाउन सकिएमा बाघलाई आहार जुटाउन सहज हुन्छ । त्यही उद्देश्यले करौंतीघाँसे मैदानको ४० देखि ५० हेक्टर क्षेत्रफल बढाउने तयारीमा छौं ।" कँडेलले बाघको संख्या बढेसँगै संरक्षणमा चुनौती थपिएको बताए । उनले बाघ संरक्षणका लागि आहारा प्रजातिका जनावरको संख्या बढाउने तर्फ पनि निकुञ्जले ध्यान केन्द्रित गरेको जानकारी दिए । यसका लागि मृग, चित्तल, चौका, बँदेल, रतुवा लगायत वन्यजन्तुको संरक्षण गरिने कँडेलको भनाइ छ । उनका अनुसार एउटा बाघले वर्षमा औसतमा ५० वटा सिकार गर्छ भने एकपटकमा १५ देखि ४० किलोसम्म मासु खाने गर्छ । जुन एक हप्तासम्मका लागि हुन्छ । त्यसैले बाघ बढेसँगै तिनको सुरक्षा, निकुञ्जमा मानव प्रवेश नियन्त्रण, बाघको आहारा प्रजातिका वन्यजन्तुको संख्या थप वृद्धिलगायत चुनौती रहेको उनले सुनाए । निकुञ्जका सूचना अधिकृत मन्दीप पँगेनीले करौंतीघाँसे मैदानमा बाघको सहजताका लागि तीनवटा सोलार जडित पानीपोखरी र एउटा मचान बनाइएको बताए । बाँकेमा सन् २००८ देखि बाघ गणना सुरु भएको थियो । सो समयमा निकुञ्जमा बाघ देखिएको थिएन । तर हाल यहाँ बाघको संख्या २५ पुगेको छ । सन् २०१३ मा दोस्रो बाघ गणनामा चार, सन् २०१८ मा भएको तेस्रो गणनामा २१ पुगेकामा त्यसयता बाघको संख्या ह्वात्तै बढेको निकुञ्जका प्रमुख कँडेलले जानकारी दिए । नेपाल सरकारले बाघ संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिवद्धता अनुरूप बाघको बासस्थान र जैविकमार्ग संरक्षण गर्ने उद्देश्यले विसं २०६७ असार २८ गते बाँके निकुञ्ज स्थापना गरिएको थियो । उक्त निकुञ्जले बाँके, दाङ र सल्यानको पाँच सय ५० वर्ग किलोमिटर क्षेत्रलाई समेटेको छ । यस निकुञ्जको पूर्वी सिमाना शिवखोला, पश्चिम कोहलपुर सुर्खेत राजमार्ग, उत्तर चुरे पर्वत र दक्षिणपूर्व-पश्चिम राजमार्ग रहेको छ । यहाँ जैविक विविधताको दृष्टिले महत्वपूर्ण मानिएको यस निकुञ्ज क्षेत्रमा आठवटा इकोसिष्टम, एकसय २४ वनस्पति प्रजाति, ३५ प्रजातिका स्तनधारी, तीन सयभन्दा बढी प्रकारका चराका प्रजाति, ५८ प्रजातिका माछा, २२ सरीसृप तथा ६ प्रकारका उभयचरहरू पाइन्छन् । ११ प्रजातिका दुर्लभ तथा सङ्कटापन्न स्तनधारी र ५० प्रजातिका अन्तर्राष्ट्रियस्तरमै दुर्लभ चराहरू निकुञ्जभित्र रहेका छन् । बाँके, दाङ र सल्यान जिल्लाको तीन सय ४३ वर्ग किलोमिटर क्षेत्रलाई समेटेर यहाँ मध्यवर्ती क्षेत्र पनि घोषणा गरिएको छ । यो निकुञ्ज पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएकाले ठूला वन्यजन्तुका लागि एकदमै महत्वपूर्ण बासस्थानका रूपमा रहेको छ ।

# कर्णालीबाट विकासको मूल फुटाउन चाहेका छौं : पूर्वमन्त्री शाही

नमस्ते समाचारदाता
रुकुमपश्चिम, पुष/२१



पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनबहादुर शाहीले कर्णाली प्रदेशबाट विकासको मूल फुटाउन खाजेको बताउनुभएको छ । आइतबार रुकुमपश्चिमको मुसीकोटमा नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा कर्णाली प्रदेश सरकारका पूर्व मुख्यमन्त्री समेत रहनुभएका शाहीले कर्णालीको जल, जमिन, जङ्गल, जडिबुटी मार्फत् समृद्धि हासिल गर्न सकिने बताउनुभयो । पत्रकार सम्मेलनमा उहाँले सशस्त्र द्वन्द्वको उद्गमस्थलका रूपमा परिचित मध्यपश्चिम क्षेत्रको कर्णालीबाट विकासको मूल फुटाउन सम्भव रहेको दाबी गर्नुभयो । कर्णाली प्रदेश सभामा नेपाली कांग्रेस संसदिय दलको नेता समेत रहनुभएका शाहीले कर्णाली प्रदेशको रुकुमपश्चिम जिल्लामा सबैभन्दा बढी बजेट विनियोजन हुने गरेको तर कार्यान्वयनमा एक पक्ष मात्र हाबी हुँदा जनताले विकासको समान अनुभूति गर्न नपाएको बताउनुभयो । उहाँले कर्णालीको विकासको नेतृत्व कांग्रेसले मात्र गर्नसक्ने दाबी गर्नुभयो । विकास र समृद्धिका लागि कांग्रेसको नेतृत्वको जनताले माग गरिरहेको उहाँको भनाइ छ । कांग्रेस जनताको पार्टी भएकोले जनताका समस्या, गुनासा सुन्दै जनताका आवश्यकताहरू पूरा गर्न तर्फ गम्भीर रहेको उहाँले उल्लेख गर्नुभयो । उहाँले भूकम्प प्रभावित क्षेत्रमा तत्काल पुनर्निर्माण कार्य सुरु हुने जानकारी दिनुभयो । मन्त्रीपरिषदमा पेस भएको पुनर्निर्माण कार्यविधि सरकारले चाँडै नै पास गर्ने तयारी गरेको बुझिएको उहाँले उल्लेख गर्नुभयो । अब विगतको विपदबाट केहि सिकेर नयाँ निर्माणको चरणलाई अवसरका रूपमा लिन समेत उहाँले आग्रह गर्नुभयो । यस्तै, वाइबडी जहाज खरिद प्रकरणमा पूर्व मन्त्री शाहीले अन्तराष्ट्रिय हवाई माफियाहरू लागेर नेपाल वायु सेवा निगम डुबाउन खाजेको बताउनुभयो । नेपाली कांग्रेसको केन्द्रिय कार्यसम्पादन समितिका सदस्य समेत रहनुभएका नेता शाहीले वाइबडी जहाज खरिद प्रकरणमा आफूमाथि राजनीतिक प्रतिशोध साँधेर मुद्दा लगाइएको तर न्यायलयबाट सफाइ पाएको बताउनुभयो । आफू पर्यटन मन्त्री हुनुभन्दा अगाडि नै टेन्डरको काम सुरु भएको र मन्त्रीबाट हटिसकेपछि खरिद भएको जहाजका विषयमा आफूलाई फसाउन खोजिएको उहाँको भनाइ छ । करिब नौ महिना निलम्बनमा परेको र अदालतबाट सफाइ पाइसकेपछि कर्णाली फर्कदा जनताको न्यानो माया र आत्मियताको निमन्त्रणामा दस जिल्ला भेटघाटमा निस्किएको उहाँले जानकारी गराउनुभयो । आफ्नो राजनीतिक लोकप्रियता बर्वाद पार्न र पार्टीलाई कमजोर बनाउन रचिएको षड्यन्त्रको जाल चिरेर न्यायालयले न्याय दिएको उहाँको भनाइ छ ।

# ज्ञान सदुपयोग नहुँदा भाङ बन्यो लागुऔषध

नमस्ते समाचारदाता
बैतडी, पुष/२१



कुनै बेला सुदूरपश्चिमको बैतडीलगायतका गाउँमा भाङखेती गरेर यसबाट खाने तेल, लत्ताकपडा र आयुर्वेदिक औषधी बन्ने गर्दथ्यो । अहिले यही गाँजा-भाङको प्रयोग लागुऔषध दुर्व्यसनीको कारण बन्न थालेपछि प्रहरीले नस्ट गर्दै आएको छ । समाजमा लागुऔषध दुर्व्यसनी बढ्न थालेपछि आइतबार जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय र सामाजिक विकास कार्यालय बैतडीले लागुऔषध विरुद्धको सचेतना कार्यक्रम गरेको छ । जिल्ला सदरमुकामस्थित विरेन्द्र माविका कक्षा ११ र १२ मा अध्ययनरत छात्र-छात्रालाई लागुऔषध दुर्व्यसनीले गरिरहेको नोक्सानी बारेमा जानकारी गराइएको छ । कार्यक्रममा बैतडीका प्रमुख जिल्ला अधिकारी अधिकारी दीर्घराज उपाध्यायले गाउँमा आफै उम्रने गाँजाको बोटको गलत प्रयोग भइरहेको बताउनुभयो । पहिले यसको त्यति धेरै दुरुपयोग नहुने भए पनि अहिलेका युवाहरूको दुर्व्यसनी लाग्ने पहिलो कारण गाँजा बन्न थालेको बताउनुभयो । पूर्वीय ज्ञान र सांस्कृतिक आचरणमा कमी आउँदा आयुर्वेदिक औषधीमा प्रयोग हुने गाँजाको बोट-भाङको गलत प्रयोगले लागुऔषध दुर्व्यसनीको रूप लिन थालेको सरोकारवालाले बताएका छन् । समाजका युवा वर्गले पछिल्लो समय गाँजा-भाङ मात्र होइन, कडा खालको लागुऔषध हेरोइन र एलोपेथिक औषधीमा प्रयोग हुने विभिन्न क्यापसुल र ट्याबलेट नसाका रूपमा प्रयोग गर्न थालेको प्रहरीको भनाइ छ । सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयले यस्तो कुलतमा युवा जनशक्ति फस्न थालेपछि लागुऔषधविरूद्धको महा अभियान नै सञ्चालन गरेको जिल्ला प्रहरी कार्यालय बैतडीका सूचना अधिकारी प्रहरी निरीक्षक बलराम पाण्डेयले बताउनुभयो । उहाँले, बैतडी प्रहरीले लागुऔषधविरुद्ध बस्तीस्तरमै अन्तरक्रिया कार्यक्रम गरी सचेतना फैलाइएको बताउनुभयो । सचेतना कार्यक्रममा एलोपेथिक औषधी डाक्टरको सल्लाहअनुसार सेवन गरेमा औषधी हुने, तर त्यसको गलत प्रयोग गरे लागुऔषधका रूपमा काम गर्ने जिल्ला अस्पताल बैतडीको फार्मेसीमा कार्यरत शरद भण्डारीले जानकारी दिनुभयो । समाजमा लागुऔषध दुर्व्यसनी बढ्न थालेपछि प्रशासन, प्रहरी र सामाजिक विकास कार्यालयको अगुवाइमा बस्ती, क्याम्पस र विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रमुख प्रहरी निरीक्षक मकेन्द्र मिश्रले बताउनुभयो । प्रदेश सरकारबाट विद्यालय र क्याम्पस स्तरमा लागुऔषधविरुद्धको सचेतना जगाउन सामाजिक विकास कार्यालयमा कार्यक्रम आएकाले सरोकारवालासँग यस विषयमा अन्तरक्रिया गरी युवा जनशक्तिलाई सही मार्गमा लाग्न अभिप्रेरित गरिएको सामाजिक विकास कार्यालय, बैतडीका प्रमुख शङ्करदत्त जोशीले बताउनुभयो ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
[illegible] बाँके फोन नं. ९८४७२४९९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरु भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
नाम्खा गाउँपालिका
हुम्ला

# बाँकेमा लाहा खेतीको बिस्तार गरिदै

नमस्ते समचारदाता

कोहलपुर, पुष/२१



डिभिजन वन कार्यालयले कोहलपुर-१२ स्थित सिर्जना सामुदायिक वनमा लाहा खेती सुरु गरेको हो। वन उपभोक्ता समूहमा २५ केजी बिउ लगाइएको छ । यस्तै राप्तीसोनारी गाउँपालिकाको जलनधारा र झिजरी महिला सामुदायिक वन उपभोक्ता समूहमा पनि खेती विस्तार गरिएको छ। चिठी वा सरकारी दस्तावेज सिल गर्न, हतियारको बिँडमा, गरगहना भर्न लगायतमा प्रयोग हुने बस्तु लाहाको बाँकेमा पहिलोपटक खेती विस्तार गरिएको छ । भारतबाट आयात हुने लाहाको नेपालमा पहिलो पटक खेती विस्तार भएको हो। डिभिजन वन कार्यालय बाँकेले विज्ञसहितको टोलीको सहभागितामा लाहा खेती विस्तार गरेको हो । विज्ञहरूको समूहसहित रूखका हाँगामा लाहा उत्पादन गर्ने लाहा किरा (भ्रुण) छाडिएको छ। २५ वर्षदेखि लाहा खेतीमा लागेका विज्ञ डम्मर विश्वकर्माका अनुसार विशेष रुखका नरम हाँगामा टाँसिएर त्यही हाँगाको रस चुसेर आफ्नो जीवनचक्र पूरा गर्ने परजीवीलाई लाहा भनिन्छ। लाहाको कच्चा पदार्थ प्रतिकेजी एक हजार रुपैयाँसम्म बिक्री हुने गरेको विश्वकर्माले बताए। प्रशोधनपश्चात् प्रतिकेजी दुई हजारसम्ममा बिक्री हुने उनको भनाइ छ। लाहा विशेष गरी फर्निचर कारखाना, गहना पसल लगायत अन्य विभिन्न काममा प्रयोग हुने गर्छ। ‘लाहा किराले बिरुवाको रस चुसेर आफैं खाना प्राप्त गर्छ। धेरै दुःख गर्न नपर्ने भएकाले खेती गर्न सहज छ। परीक्षण गरिएका रूखबाट उत्पादन राम्रो भएमा थप विस्तार गर्ने योजना छ,’ विज्ञ विश्वकर्माले भने । विज्ञ विश्वकर्माका अनुसार लाहा उत्पादन भाले र पोथीको यौनक्रीडा पश्चात् पोथी कीराको शरीरमा परिवर्तन हुन्छ। त्यसले हाँगाको रस अत्यधिक चुस्ने गर्छ, अनि अण्डा पार्नका लागि आफ्नो घर निर्माण गर्छ। पोथीको शरीरबाट एक प्रकारको गम वा नरम पदार्थ निस्कन्छ, जसलाई लाहा भनिन्छरु। ‘लाहा भालेले बनाउन सक्दैनरु। लाहा उत्पादनका लागि मनसुनी वर्षा र १५ डिग्री सेल्सियसदेखि ४०-४५ डिग्री सेल्सियससम्म तापक्रम राम्रो मानिन्छ,’ विश्वकर्माले भने । वातावरणका दृष्टिले नेपालमा यसको खेती उपयुक्त रहेको छ।

जिल्लाका सामुदायिक वन र उपभोक्तालाई आयमूलक बनाउने लक्ष्यका साथ लाहा खेती सुरु गरिएको छ। लाहा खेतीबाट तराई क्षेत्रमा पाइने खयर, बयर लगायत रूखको संरक्षणमा खेती सुरुवात गरिएको हो । जिल्लामै पहिलोपटक सुरु गरिएको खेतीका लागि लाहा खेती विस्तार तथा क्षमता विकासका लागि आयोजना गरिएको तालिममा सामुदायिक वन उपभोक्ता समूहका ५१ जनाको सहभागिता रहेको शमशेरगन्ज सब डिभिजन कार्यालय ओभरीका वरिष्ठ वन अधिकृत मनोज शर्माले बताए । लाहा खेतीबाट तराई क्षेत्रमा पाइने खयर, बयर लगायत रूखको संरक्षणमा भूमिका खेल्ने छ। डिभिजन वन कार्यालय बाँकेका सिनियर डिभिजनल वन अधिकृत शंकरप्रसाद गुप्ताले अन्य क्षेत्रको सफल प्रयोगपछि बाँकेमा विस्तारका लागि खेती सुरु गरिएको बताए । लाहाको व्यावसायिक खेती गरेर आत्मनिर्भर बन्न सकिने गुप्ताले बताए । ‘कोहलपुरको प्रयोग सफल भयो भने जिल्लाभर विस्तार गर्छौं,’ गुप्ताले भने, ‘जिल्लाका वनमा लाहा खेतीको सम्भावना धेरै रहेको छ। लाहा लगाइसकेपछि हाँगा काट्न नमिल्ने भएकाले वनको पनि संरक्षणमा टेवा पुग्ने छ।’सिर्जना सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष सुमन पौडेलले समितिको आयस्तर सुधार गर्न लाहा खेतीले मद्दत गर्ने विश्वास लागेको बताए। उनका अनुसार सामुदायिक वनमा रहेका बिरुवाको हाँगामा लाहा उत्पादन गर्न सके आत्मनिर्भर बन्न सकिन्छ । लाहाको प्रयोग फर्निचरको रङ, गरगहना, मेकअपका सामान, जुत्ताको पोलिस, नेल पोलिस, क्याप्सुल, ट्याब्लेट, बिजुलीका बल्ब, लाहा छाप, हातहतियारलगायतमा प्रयोग गरिन्छ।

# सिमकोटलाई बेलिब्रिजले जोड्दै

नमस्ते समचारदाता

हुम्ला, पुष/२१



कर्णाली करिडोरको हुम्ला जिल्लामा पर्ने खार्पुनाथ गाउँपालिका-५ को दोजाम कर्णाली नदीमाथि बेलिब्रिज निर्माणको जिम्मा नेपाली सेनालाई दिने सरकारले गरेको निर्णयले यसै आर्थिक वर्षमा सदरमुकाम सिमकोट राष्ट्रिय सडक सञ्जालसँग जोडिनेमा विश्वस्त भएका छन्। गत मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले सो बेलिब्रिज निर्माणको जिम्मा सेनालाई दिने निर्णय गरे अनुसार अब बेलिब्रिज निर्माणको बाटो खुलेको र चाँडै नेपाली सेनाले काम थाल्नुपर्ने हुम्लावासीले बताए। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले लिएको दोजाम कर्णाली नदीमाथिको बेलिब्रिज निर्माणको जिम्मा नेपाली सेनालाई दिने प्रस्तावलाई मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले पारित गर्दै अब चाँडै दोजाम कर्णालीमाथि बेलिब्रिज निर्माण हुने बाटो खुलेको हो। सरकारको निर्णयले सदरमुकाम सिमकोट यसै आर्थिक वर्षभित्र राष्ट्रिय सडक सञ्जालसँग जोडिनेमा जिल्लावासी विश्वस्त भएको खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्णबहादुर रावलले बताए । सरकारले निर्णय गरिसकेका कारण अब काम छिटो सुचारु गर्न आग्रह गर्दै उनले यसका लागि गाउँपालिका नेपाली सेनालाई सहयोग गर्न तत्पर रहेको बताए। सदरमुकाम सिमकोटलाई सडक सञ्जालसँग जोड्नका लागि सरकारले जुन निर्णय गरेको छ, त्यो स्वागतयोग्य कुरा भएको बताउँदै उनले सरकारलाई धन्यवाद पनि दिए। सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले जिल्लावासीको साझा मागलाई सरकारले समयमै ध्यान दिएर पूरा गरेको बताउँदै यो हुम्ला जिल्लाको साझा सवाल रहेको बताए। यसअघि पनि कर्णाली करिडोरको काम नेपाली सेनाले समय मै गरेको स्मरण गराउदै उनले अब बेलिब्रिज निर्माण र ८ सय मिटर चट्टानी सडक स्तरोन्नति गर्ने काम समयमै हुने विश्वास व्यक्त गरे । सरकारले गरेको निर्णय तत्काल कार्यान्वयनमा ल्याएर कामको थालनी गर्न पनि उनले आग्रह गरे। यसका लागि पहलकर्ता र कार्यान्यनकर्ता सबै धन्यवादका पात्र भएको उनको भनाइ छ। सो नदीमाथि पुल निर्माण हुन नसकेको कारण हुम्ला जिल्लाको सदरमुकाम सिमकोट औपचारिक रुपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिन सकेको छैन। खार्पुसम्म गत असारमा औपचारिक रुपमा यातायातका साधन सञ्चालन हुन थालेका थिए। सो स्थानमा पक्की पुल पनि निर्माणाधीन अवस्थामा छ। तर, सो पुल निर्माण गर्ने क्रममा पूर्वपट्टिको पिलरको जग खन्ने क्रममा पहिले तातोपानी निस्केर काममा बाधा पुगेको थियो भने पछि नदीको पानी नै पुलको पिलर निर्माणस्थलमा पसेर काम रोकिएको थियो। उक्त हालसम्म निर्माण सुरु हुन सकेको छैन। पक्की पुल निर्माणको अवस्था यस्तो भएपछि जिल्लावासीले तत्कालका लागि दोजाम कर्णाली नदीमाथि बेलिब्रिज निर्माणका लागि सरकारसँग माग गर्दै आएका थिए। त्यसैगरी सलीसल्ला सिमकोट खण्डको ८ सय मिटर कडा चट्टानी र साँघुरो सडक स्तरोन्नतिको काम पनि नेपाली सेनालाई दिने निर्णय सरकारले गरेको छ। यसबाट सो खण्डको असजिलो खण्डको सडक पनि निर्माण हुने बाटो खुलेको छ। हाल सोही साँघुरो र ग्रेड नमिलेको सडकमा यातायातका साधन गुड्दै आएका छन्। यसबाट बोक्चे गौडा, भिगौडादेखि गाउँपालिका केन्द्रसम्मको चट्टानी असजिलो र साँघुरो सडक फराकिलो बनाउने काम पनि अब सेनाले गर्नेछ। सरकारले बेलिब्रिज र चट्टानी सडक निर्माण गर्न सेनालाई जिम्मा लगाउने निर्णय भए पनि यसको लिखित परिपत्र आएपछि मात्र सेनाले काम अगाडि बढाउने बताएको छ।

# कर्णालीबाट लोप हुँदै रैथाने गाईको अस्तित्व

नमस्ते समचारदाता

मुगु, पुष/२१



हिमाली जिल्ला मुगुमा रैथाने गाईको अस्तित्व मासिँदै जान थालेको छ। स्थानीय समुदायले परम्परागत रूपमा पाल्दै आएको रैथाने गाईको संख्या घटाउँदै गएका छन्। आधुनिक मानवसँग सम्बन्धित प्रबिधिको विकास र अवसरको खोजीका लागि मानिसहरू सुविधासम्पन्न ठाउँमा बसाइ सराई सर्ने संख्या बढ्दो छ। अर्कोतिर जग्गा जमिनको तुलनामा जनसंख्या बढ्दो क्रममा छ। त्यसैले थोरै जग्गाको लागि बर्षौं दुःख गरेर किन गाई, गोरू पालेर फाइदा के छ भन्ने एकथरी जमात छ। ‘थोरै दूधले फाइदै छैन, समय धेरै खर्चिनु पर्ने र घाँसपातले अपुग हुने घाटा बेहोर्नुभन्दा गाई नपालेकै बेस अर्को थरी जमात छ, ‘ छायाँनाथ रारा नगरपालिका-१ का धनबहदुर मल्लले भने, ‘ हाम्रोतिर चरिचरन त्यति नहुने र घर पालौं घाँस छैन, घाँस किन्ने पैसा छैन, चराउने बन छैन। त्यसैले गाई पाल्न सबैले छोडिसक्यौं।’ जग्गाको तुलनामा जनसंख्या बढ्दै जानु र भएको जग्गा जमिन आफैंले सदुपयोग नगरी अर्काको जिम्मा लगाउने प्रवृति बढ्दो छ। खेतीपातीतिर ध्यान नदिई गाईगोरूमा भुल्नुभन्दा ज्याला मजुदरीबाट दैनिक रूपमा फाइदा देख्ने अर्कोथरी जमात रहेको छायाँनाथकै अर्का कृषक नन्दबहादुर मल्लले बताए। जिल्ला भेटनरी तथा पशु अस्पताल मुगुका अनुसार, रैथाने गाईको संरक्षणका लागि विशेष योजना आवश्यक छ। ‘रैथाने गाई हाम्रो स्थानीय सम्पत्ति हो। यी गाईहरूले कठोर हावापानीमा टिक्न सक्ने विशेष क्षमता राख्छन्। यिनको संरक्षण नभए हिमाली क्षेत्रको जैविक विविधतामा असर पर्न सक्छ,’ कार्यालय प्रमुख भीमचन्द्र बुढाले भने। आगामी दिनमा रैथाने गाई संरक्षणका लागि कार्यक्रम ल्याइने उनको भनाइ छ। रैथाने गाईको अस्तित्व संकटमा परेकोले स्थानीय सरकार, संघसंस्था र समुदाय मिलेर यिनको संरक्षण गर्न आवश्यक छ। यसका लागि सहकारीहरू स्थापना, सुभेक्षाकोष सञ्चालन, र किसानलाई प्रोत्साहन दिने कार्यक्रम लागू गर्नुपर्ने विशेषज्ञहरूले सुझाव दिएका छन्।


# जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा


नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके